निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।०३

१. **मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना**

काठमाडौं, बैशाख ३ । २०७४ वैशाख ३१ गते आइतबार हुने स्थानीय तह निर्वाचन सम्पन्न गराउन सात प्रदेशका ७५ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । प्रत्येक जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी सम्बन्धित जिल्लाका जिल्ला न्यायाधीशलाई तोकिएको छ । जम्मा ७४४ वटा स्थानीय तह निर्वाचनका लागि ७५ जना मुख्य निर्वाचन अधिकृत र ६६९ जना निर्वाचन अधिकृतलाई निर्वाचन आयोगले यसअघि नै नियुक्ति गरिसकेको छ । आयोगले ६६९ निर्वाचन अधिकृतको कार्यालय पनि यही वैशाख १२ गते स्थापना गर्ने तयारी गरेको छ ।

२. **संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) स्थापना**

काठमाडौं, बैशाख ३ । २०७४ वैशाख ३१ गते आइतबार हुने स्थानीय तह निर्वाचनलाई सुव्यवस्थित हिसाबले सञ्चालन गर्न निर्वाचन आयोगमा संयुक्त निर्वाचन परिचालन केन्द्र (जेइओसी) स्थापना गरिएको छ । माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले केन्द्रको शुभारम्भ गर्नु हुँदै निर्वाचनलाई सहजरुपमा सञ्चालन गर्न केन्द्रको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

यसैगरी, आयोगको उच्चस्तरीय सुरक्षा समितिको संयोजकसमेत रहनुभएका माननीय सुधीरकुमार शाहले यो उच्चस्तरीय केन्द्रले आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्ने विश्वास व्यक्त गर्नुभयो । आयोगका सहसचिव दिनेशकुमार घिमिरेले केन्द्रमा २४ जना र प्रत्येक जिल्लामा गठन हुने संयुक्त निर्वाचन परिचालन केन्द्रमा १३ जना जनशक्ति रहने व्यवस्था गरिएको जानकारी दिनुभयो । केन्द्रमा निर्वाचन आयोग, गृह मन्त्रालय, रक्षा मन्त्रालय र चारवटै सुरक्षा अङ्गका प्रतिनिधिहरू रहने छन् । कार्यक्रममा श्रीमान् सचिव गोपीनाथ मैनालीसहित अन्य अधिकारीहरुको उपस्थिति थियो ।

**सूर्यप्रसाद शर्मा**
**सहसचिव एवं प्रवक्ता**



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np